सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५
र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को
नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ बैशाख देखि २०८१ असार महिना सम्ममा
सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, जाजरकोट

स्वत प्रकाशन (Proactive Disclosurs)

कृषिमा आश्रित कृषकहरुका विविध समस्याहरु मध्यनजर राखी विद्यमान सीमित स्रोत, साधनहरुको समुचित सदुपयोग गरी उन्नत प्रविधि प्रचार– प्रसार एवं उत्पादन तथा उत्पादकत्व बृद्धिबाट कृषकको जीवनस्तर उकास्ने अभिप्रायले वि.सं. २०३४ सालमा स्थापना भएको जिल्ला कृषि विकास कार्यालयको नाम स्थापना भएको यो संस्था राज्य संघियतामा प्रवेश गरे सँगै कृषि ज्ञान केन्द्रका नामले र कर्णाली प्रदेश सरकारको २०७६ साल भाद्र ५ गतेको निर्णय अनुसार कृषि विकास कार्यालयको नामले स्थापित यस कार्यालयले कृषकहरुलाई दिगो आधुनिक खेती प्रणाली सम्बन्धी ज्ञान एवं सिप प्रदान गर्दै आएको छ। परम्परागत खेती प्रणालीबाट देशको बढ्दो जनसंख्याको लागि चाहिने खाद्यान्न पूर्ति गर्न सम्भव नभएकोले कृषकको चाहना अनुसार कार्यक्रम तर्जुमा गरी खाद्यान्न फलफूल खेती, दलहन, तेलहन र तरकारी खेती व्यवसायको दिगो विकास गर्ने उद्देश्यले कृषि विकासको नीति र कार्यक्रम अनुसार कृषक समूह, कृषि सहकारी तथा निजी उद्यमी कृषकहरुमार्फत सञ्चालन गर्दै आएको छ।

यस जाजरकोट जिल्लालाई मध्य पहाडी क्षेत्र भनिएता पनि यहाँको भौगोलिक, हावापानी र मौसम तीन प्रकृतिको (उपोष्ण, समशितोषण र शितोष्ण) पाईने भएकोले भौगोलिक, जलवायु तथा कृषि जैविक विविधता, विभिन्न प्रकारका जडीबुटी र स्थानीय प्राविधिक ज्ञान तथा प्रविधिको खानीको रुपमा लिन सकिन्छ। यी प्राकृतिक सम्पदाको सुरक्षाका साथै विविधताको सहि तथा अधिकतम उपयोगबाट जाजरकोट जिल्लाको कृषि पेशामा संलग्न कृषकका साथै अन्य जनताहरुको खाद्य सुरक्षामा आत्मनिर्भर बनाउन र कृषि व्यावसायिकरणमा रुपान्तरण गरी जीवनशैलीमा अभिवृद्धि गरी गरिबी निवारणमा सहयोग पुर्याउनु आजको प्रमुख आवश्यकता हो। जलवायु परिवर्तनका कारण हाल विश्वले भोगिरहेको खाद्य संकटको अवस्था तथा जाजरकोटको विविधताको उपयोग गर्दै सम्भाव्य क्षेत्रमा जिल्ला बाहिर तथा विदेशमा निर्यात गर्न सकिने कृषि उपजहरुको व्यवसायिक उत्पादन गरि गरिबी निवारणमा टेवा पुर्याउनु वर्तमान उत्तिकै आवश्यकता देखिएको छ। जिल्लाको समष्टिगत कृषि क्षेत्रमा सुधार ल्याई उपलब्धिमुलक बनाउन कृषि क्षेत्रले लिने लक्ष्य, उद्देश्य, कार्यनीति र कार्यक्रमलाई नयाँ सोचको आधारमा तय गरिएको छ।

यस स्वत: प्रकाशन मार्फत कार्यालयको सेवा प्रवाह, सुशासन तथा कार्यालयको कार्यक्रम तथा प्रगती बिबरण जस्ता विषयहरु सार्वजनिक गर्ने गरिएको छ। मिति २०८१ बैशाख महिना देखि असार मसान्तका साथै समग्र आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगती बिबरण प्रकाशन गरिएको छ।

धन्यवाद

Nabin

नविन राज आचार्य

सूचना अधिकारी

सूचनाको हक सम्बन्धि ऐन २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम कृषि विकास कार्यालय जाजरकोटसँग सम्बन्धित सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः- कृषि विकास कार्यालय, जाजरकोट ।

सूचना सार्वजनिक गरको अवधि :- २०८१-०१-०१ देखि २०८१-०३-३१ सम्म

१.निकायको स्वरूप र प्रकृतिः

कृषि विकासका गतिविधिहरूलाई आम कृषकहरुको सहज पहुँच पुर्याउन तथा कृषकको जीवन स्तर उकास्न तथा प्रदेश सरकारका कृषि सम्बन्धी कार्यक्रम संचालन गर्न कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत यस जिल्लामा पनि कृषि विकास कार्यालयको स्थापना गरिएको छ। कृषि विकास कार्यालय प्रदेश सरकारको, कृषि सेवा तर्फ समूहकृत नहुने गरि नवौं/दशौं तहको कार्यालय प्रमुखका रूपमा रहने व्यवस्था गरिएको छ हाल रिक्त रहेको छ। कृषि विकास कार्यालयले प्रत्यक्ष कृषकको जीवन स्तर उकास्ने खालका कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ।

२. निकायको काम, कर्तव्य र अधिकारः

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत अन्तर्गत रहि प्राप्त भएका कार्यक्रमहरु संग सम्बन्धित रहि कार्य गर्ने गरिन्छ।

३. निकायमा रहने कर्मचारी संख्याः

| सि.नं. | पद | स्वीकृत दरबन्दि | पद पूर्ती संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | १ | ० | १ | |
| २. | कृषि प्रसार अधिकृत | १ | १ | ० | |
| ३. | बागवानी विकास अधिकृत | १ | ० | १ | |
| ४. | कृषि अर्थ विज्ञ | १ | ० | १ | |
| ५. | बाली विकास अधिकृत | १ | ० | १ | |
| ६. | बाली संरक्षण अधिकृत | १ | ० | १ | |
| ७. | प्रशासन सहायक/अधिकृत | १ | ० | १ | |
| ८. | लेखा सहायक/अधिकृत | १ | १ | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | प्राविधिक सहायक/अधिकृत | ४ | ३ | १ | १ जना अध्यन बिदामा र १ जना हाजिर नभएको |
| १०. | ना.प्रा.स. | १ | १ | ० | अध्यन बिदामा |
| ११. | ह.स.चा. | १ | १ | ० | सेवा करार |
| १२. | कार्यालय सहयोगी | २ | २ | ० | सेवा करार |
| १३. | जम्मा | १६ | ९ | ७ | हाल कार्यालयमा ११ जना स्थायी प्राविधिक जनशक्ति मध्ये २ जना मात्र कार्यरत रहेको |

४. <u>निकायबाट प्रदान गरिने सेवा:</u>

- बजेट कार्यक्रम सम्बन्धी जानकारी तथा सेवा
- कृषि बजार र तथ्यांक सम्बन्धी सेवा
- खाद्यान्न बाली उत्पादन सम्बन्धी प्राविधिक सेवा
- बीउ उत्पादन तथा प्रमाणीकरण सम्बन्धी सेवा
- कृषि प्रविधि सम्बन्धी तालिम, प्रचार प्रसार सेवा
- कृषि औजार, यन्त्र उपकरण सम्बन्धी सेवा
- रासायनिक तथा जैविक मल सम्बन्धी सेवा
- रोग किरा सम्बन्धी सेवा
- मौरीपालन, रेशम खेती र च्याउ उत्पादन सम्बन्धी प्राविधिक सेवा
- विपादि ईजाजत पत्र सम्बन्धी सेवा
- बाली उत्पादन पछिको प्राविधिक सेवा
- फलफूल, तरकारी बेर्ना उत्पादन, नर्सरी दर्ता लगायतका सेवा
- माटो परिक्षण सेवा
- दर्ता चलानी तथा सोधपुछ

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:

| क्र.स. | प्रदान गरिने सेवाहरु | पेश गर्नु पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | सेवामा लाग्ने दस्तुर रु. | सम्बन्धित शाखा | जिम्मेवार कर्मचारी/कोठा नम्बर |
|---|---|---|---|---|---|---|
| १ | बजेट कार्यक्रम सम्बन्धी | मौखिक तथा | निबेदन प्राप्त | नि:शुल्क | योजना | कोठा नम्बर २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जानकारी तथा सेवा | लिखित निवेदन | भए पश्चात | | तथा तथ्यांक शाखा | |
| २ | कृषि बजार र तथ्यांक सम्बन्धी सेवा | | | | | |
| ३ | खाद्यान्न बाली उत्पादन सम्बन्धी प्राविधिक सेवा | मौखिक तथा लिखित निवेदन | निवेदन प्राप्त भए पश्चात | निःशुल्क | बाली बिकास शाखा | कोठा नम्बर ७ |
| ४ | बीउ उत्पादन तथा प्रमाणीकरण सम्बन्धी सेवा | | | | | |
| ५ | कृषि प्रविधि सम्बन्धि तालिम, प्रचार प्रसार सेवा | व्यक्ति तथा निवेदन | नियमितरुपमा आवश्यकता अनुसार | निःशुल्क | खाद्य सुरक्षा तथा कृषि प्रसार शाखा | कोठा नम्बर ३ |
| ६ | कृषि औजार, यन्त्र उपकरण सम्बन्धी सेवा | | | | | |
| ७ | रसायनिक तथा जैविक मल सम्बन्धी सेवा | | | | | |
| ८ | रोग किरा सम्बन्धी सेवा | व्यक्ति तथा निवेदन | निवेदन प्राप्त हुन साथ | निःशुल्क | बाली संरक्षण शाखा | कोठा नम्बर ८ |
| ९ | मौरीपालन, रेशम खेती र च्याउ उत्पादन सम्बन्धी प्राविधिक सेवा | | | | | |
| १० | विषादि ईजाजत पत्र सम्बन्धी सेवा | | | | | |
| ११ | बाली उत्पादन पछिको प्राविधिक सेवा | | | | | |
| १२ | फलफूल, तरकारी बेर्ना उत्पादन, नर्सरी दर्ता लगायतका सेवा | व्यक्ति तथा निबेदन | निवेदन प्राप्त हुन साथ | निःशुल्क | बागवानी विकास शाखा | कोठा नम्बर ७ |
| १३ | माटो परिक्षण सेवा | व्यक्ति तथा निबेदन, माटोको नमूना | माटोको नमूना प्राप्त भएको १ महिना | निःशुल्क | | |
| १४ | दर्ता चलानी तथा सोधपुछ | व्यक्ति वा निबेदन | तत्काल | निःशुल्क | प्रशासन शाखा | कोठा नम्बर ५ |

गुनासो सुन्ने अधिकारी : कार्यालय प्रमुख श्री महेश आचार्य सम्पर्क नम्बर ९८५८०६०१२५
सूचना अधिकारी: प्राविधिक सहायक श्री नविन राज आचार्य सम्पर्क नम्बर ९८५८०६११२५

६.सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:

हाल सम्म सेवा शुल्क बापतको दस्तुर नलिने गरेको

७. निर्णय गर्ने प्रक्रिया र अधिकार:

यस कार्यालयसँग सम्बन्धित आर्थिक, प्रशासनिक तथा अन्य निर्णयहरु कार्यालय प्रमुख तथा अनुदानग्राहीहरुको मूल्यांकन तथा छनौट कार्यविधिमा भएको व्यवस्था अनुसार मूल्याकन तथा छनौट समिति मार्फत हुने गरेको।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

नि.का.प्र. श्री महेश आचार्य

९. सम्पादन गरेको कामको विवरण:

यस कार्यालयबाट २०८१-०१-०१ देखि २०८१-०३-३१ सम्म दैनिक नियमित सेवाप्रदान गर्नुका साथै सम्पादन गरिएका मुख्य मुख्य कामहरु:

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:

यस कार्यालयका प्रमुखको नाम: श्री महेश आचार्य

यस कार्यालयका सूचना अधिकारिको नाम: नविन राज आचार्य

११.ऐन, नियम, बिनियम वा निर्देशिकाको सुची:

- कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सचालन तथा व्यवस्थापन कार्यविधि २०८०
- कार्यक्रम संचालन तथा व्यवस्थापन प्राविधिक मापदण्ड २०८०
- कर्णाली "मुल्यवान कर्णाली किसानको सम्पदा" लोगो सम्वन्धी मापदण्ड
- कर्णाली प्रदेश सहकारी ऐन २०७५
- कर्णाली प्रदेश प्राङगारिक कृषि एन २०७६
- कर्णाली प्रदेश आर्थिक ऐन, २०७९
- कर्णाली प्रदेश आर्थिक ऐन, २०७७
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७७
- कर्णाली प्रदेश भ्रमण खर्च नियम, २०७९
- कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५
- कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८
- भ्रमण खर्च नियमावली, २०७५
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०
- कर्णाली प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९
- कर्णाली प्रदेश कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८०

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण:

आ.व. २०८०/०८१ को विनियोजित बजेट तथा यस कार्यालयबाट तपसिल अनुसारका खर्च शीर्षकमा तपशिल बमोजिमको बजेट खर्च गरिएको छ ।

तपशिल:

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्णाली प्रदेश सरकार | | | | | | | | | | |
| बजेट उपशीर्षक अनुसार संक्षिप्त भारित प्रगति प्रतिशतको विवरण | | | | | | | | | | |
| ...कार्यालय जाजरकोट | | | आर्थिक वर्ष २०८०/८१ | | | | | | | |
| ...ट कोड | बजेट उपशीर्षक | बजेट हजारमा | | | खर्च रु हजारमा | | | खर्च प्रतिशत | | |
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | ज... |
| ...२०१०१६ | उपभोग तथा प्रमासनिक | १८०९१ | १९६० | २००५१ | १२६६५ | ८६८ | १३५३४ | ७०.०१ | ४४.३ | ६... |
| ...२००९०२ | कृषि यान्त्रिकिकरण कार्यक्रम | ९५० | ० | ९५० | ९३५.६ | ० | ९३६ | ९८.४८ | ०. | ९८. |
| ...२००९०३ | ब्याज अनुदान कार्यक्रम | ८५० | ० | ८५० | ० | ० | ० | ०. | ०. | ० |
| ...२००९०४ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | २५०० | ० | २५०० | २५५ | ० | २५५ | १०.२ | ०. | १० |
| ...२००९०९ | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | १५१० | ० | १५१० | ४५९ | ० | ४५९ | ३०.३९ | ०. | ३०. |
| ...२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | ९७२५ | ० | ९७२५ | ६४३८ | ० | ६४३८ | ६६.२ | ०. | ६६ |
| ...२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | २३९६० | ० | २३९६० | १२१२४ | ० | १२१२४ | ५०.६ | ०. | ५० |
| ...२०१९०२ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | ० | ४४८०० | ४४८०० | ० | ३८२५४ | ३८२५४ | ०. | ८५.३९ | ८५ |
| ...तीय वित्तीय समानीकरण | | ५३४८६ | ४६७६० | १०४३४६ | ३२८७७ | ३९१२२ | ७१९९९ | ५७.०९ | ८३.६७ | ६ |
| ...२९११२ १ | कृषि विभागसंग शसर्त अनुदान। | ८०० | ० | ८०० | ८०० | ० | ८०० | १००. | ०. | १० |
| ...२९११ २३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनासंग शसर्त अनुदान। | २५०० | ० | २५०० | १६१३ | ० | १६१३ | ६४.५४ | ०. | ६४ |
| ...संघ सशर्त अनुदान | | ३३०० | ० | ३३०० | २४१३ | ० | २४१३ | ७३.१३ | ०. | ७३ |
| ...म्मा | | ६०८८६ | ४६७६० | १०७६४६ | ३५२८९.९ | ३९१२२.३ | ७४४१२ | ५७.९६ | ८३.६७ | ६९ |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

कार्यालयको नाम: कृषि विकास कार्यालय जाजरकोट आ.व. २०८०/०८१

संचालित कार्यक्रमको प्रगति नपुगका कारणहरुको विवरण

| आयोजना कार्यक्रमहरुको विवरण | कार्यक्रमका क्रियाकालापहरुको विवरण | एकाई | बार्षिक लक्ष्य | | प्रगती | | नपुग प्रगति | | बार्षिक प्रगति नपुगका जायज कारणहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु हजारमा | परिमाण | खर्च बजेट रु हजारमा | परिमाण | बजेट रु हजारमा | |
| [illegible] अनुदान [illegible] | ब्याज अनुदान कार्यक्रम सहकारी छनौट, अभिमुखीकरण तथा अनुगमन र प्रतिवेदन तयारी | | १ | १५०.०० | ० | ० | १ | १५०.०० | कार्यविधि स्पष्ट नभएकोले |
| | सहकारीहरु मार्फत कृषि क्षेत्रमा लगानी भएको ऋणको ब्याजमा अनुदान कार्यक्रम | संख्या | १ | ७००.०० | ० | ० | १ | १७५.०० | कार्यविधि स्पष्ट नभएकोले |
| [illegible] सिचाई [illegible] तथा [illegible] सम्भार [illegible] | कोल्चौर सिचाइ निर्माण | संख्या | १ | १०००.०० | ० | ० | १ | १०००.०० | गठन भएको उपभोक्ता समिति सम्झौताको लागी नआएको |
| | राजिकोट लीफ्ट सिचाइ योजना छेडागाड न पा ९ | संख्या | १ | १०००.०० | ० | ० | १ | १०००.०० | सिचाई कार्यालयबाट सोहि योजनाको लागि २५ लाख बजेट विनियोजन भएको |
| | अनाजिउला सिचाई कुलो निर्माण आटबिसकोट गा.पा ४ | संख्या | १ | ९००.०० | ० | ० | १ | ९००.०० | यस जिल्लामा उक्त ठेगाना नभेटिएको |
| | ट्ठुली खोरिया लिंदु देखी दुर्लुदुङगा सिचाइ आयोजना शिवालय गा.पा.२ | संख्या | १ | ५००.०० | ० | ० | १ | ५००.०० | दुई वटा उपभोक्ता समिति गठन भई बिवाद सिर्जना भएको र विवाद समाधानको लागी पालिकालाई पटक पटक अनुरोध गर्दा समेत समाधान हुन नसक्दा सम्झौता नभएको |
| | चौधरा देखि टालेगाई हुँदै चौखे सिचाई कुलो, कुशे गा.पा.२ टालेगाई | संख्या | १ | ९००.०० | 0 | 0 | १ | ९००.०० | दुई वटा उपभोक्ता समिति गठन भई बिवाद सिर्जना भएको र विवाद समाधानको लागी पालिकालाई पटक पटक अनुरोध गर्दा समेत समाधान हुन नसक्दा सम्झौता नभएको |
| [illegible] तथा विपन्न [illegible] [illegible] कार्यक्रम | गरिब तथा विपन्न लक्षित कार्य विशेष कार्यक्रम | पटक | २ | २०००.०० | ० | ० | २ | २०००.०० | प्राविधिक मापदण्ड ढिला गरी प्राप्त भएको, प्रदेश सभा सदस्यको राय प्राप्त हुन नसकेको, जिम्मेवारी प्राप्त कर्मचारी अध्ययन बिदामा जाँदा जनशक्ति |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | अभाव भएको |
| ...ी विकास ...लिय/पुँजीगत ... | कार्यालय भवनको छतमा रहेको प्रिफ्याब सहितको ट्रष्ट निर्माण (निरन्तरता) | वटा | १ | ८००.०० | ० | ० | १ | ८००.०० | भूकम्पका कारण भवन चर्किएको हुँदा संरचना थप गर्न जोखिम देखिएको |
| ...षि प्रविधि प्रवर्द्धन, कृषि ...ार तथा खाद्य ...ता कार्यक्रम | गत विगत वर्षहरुमा संचालित कार्यक्रमहरुको फलोअप कार्यक्रम | पटक | १ | ४००.०० | ० | ० | १ | ४००.०० | कार्यविधि तथा संचालन प्रक्रिया स्पष्ट हुन नसक्नु तथा जनशक्ति अभाव |
| | पी सी आर विधिबाट सीट्रस ग्रिनिंग रोग परिक्षण | पटक | १ | १००.०० | | १२.०० | १ | ८८.०० | भूकम्पका कारण ढिला गरी काम सुरु गर्दा जिम्मेवार कर्मचारीको करार सेवा म्याद थप हुन नसक्दा सम्पन्न हुन नसकेको |
| | मौरी घार उत्पादन उद्योगलाई सहयोग कार्यक्रम | पटक | १ | २००.०० | ० | ० | १ | २००.०० | भूकम्पका कारण कार्ययोजना प्रभावित भएको तथा जनशक्ति कम हुँदा कार्यान्वयन गर्न नसकिएको |
| | मिर मौरी मह संकलकलाई सामग्री सहयोग कार्यक्रम | पटक | १ | १५०.०० | ० | ० | १ | १५०.०० | परागसेचक किराहरु मैत्री नीतिको पक्षमा मन्त्रालय रहेको, अनुदान सिमा स्पष्ट नभएको, जनशक्ति अभाव |
| | बेरोजगार कृषि प्राविधिकहरुको छनोट अभिमुखीकरण तथा लागत सहभागिता अनुदान | संख्या | ४ | १०७८.०० | २ | २६१.११ | २ | ७८६.९० | ५ जना छनोट गरिएकोमा ३ जनाले सम्झौता गरेको र २ जनाले मात्र भुक्तानी लिन सकेकाले खर्च हुन नसकेको |
| | आकस्मिक बाली संरक्षण सेवा | पटक | १ | ३००.०० | ० | ० | १ | ३००.०० | महामारीको रुपमा कुनै समस्या देखिए मन्त्रालयको स्वीकृतिमा खर्च गर्न सकिने व्यवस्था रहेकोमा महामारीको रुपमा कतै पनि समस्या नदेखिएको तर एकल रुपमा समस्या सहित कार्यालयमा आउनुभएको कृषकहरुलाई आवश्यक विषादी दिन नसकिएको |
| [illegible] | सिताके च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | २ | ४००.०० | १ | ३०० | १ | १००.०० | दुई जना कृषक छनौट भएतापनि १ जना कृषक सम्झौता गर्न नआउनु भएको |
| | विशेष कृषि उत्पादन क्षेत्र कार्यक्रम (लसुन) नालाइ न.पा. ९,१०,११ सिकालय ९, | पटक | १ | १०००.०० | ० | ० | १ | १०००.०० | भूकम्पको निकै प्रभावित क्षेत्र भएका कारण |
| | दैवीप्रकोप (भूकम्प) राहत कार्यक्रम | पटक | १ | १०४८.०० | ० | ० | १ | १०४८.०० | कार्यविधिमा उल्लेख भएका कुनै पनि कागजात उपलब्ध हुन नसक्दा राहत रकम उपलब्ध गराउन नसकिएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दैवीप्रकोप राहत कार्यक्रम | १ | १ | ५५३८.०० | १ | ९९५.९५ | | ५५४२.०० | ...बटा आवेदकको माग ...विषयक कागजात पुरा भएका कारण शत प्रतिशत खर्च हुन नसकेको |
| ...गानिक कृषि ...बाईन, रैथाने ...बाली तथा ...पन्छी विकास | प्रांगारिक अदुवा/बेसार उत्पादक कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | २००.०० | ० | ० | १ | २००.०० | यस जिल्लामा प्रमाणीकरणमा गएका कृषकहरू नरहेको |
| | प्रांगारिक तथा रैथाने बाली खरिद गर्ने फर्म/कम्पनी/सहकारीलाई मूल्यवान लोगो प्याकेजिङ सामग्री सहयोग कार्यक्रम | पटक | १ | १५०.०० | ० | ० | १ | १५०.०० | बारम्बार सुचना आव्हान भएतापनि मूल्यवान लोगोमा कोहि पनि कृषक जोडिन नसक्नु भएको |
| | प्रांगारिक कृषि तथा पशुपन्छी उपज बजारीकरण गर्ने सहकारीलाई प्रोत्साहन कार्यक्रम | पटक | १ | ५००.०० | ० | ० | १ | ५००.०० | छनौट भएका दुई बटा सहकारी नै सम्झौताको लागी सम्पर्कमा नआउनुभएको |

वार्षिक भारित र वित्तिय प्रगती विवरण

| क.सं. | बजेट उप-शीर्षक नं. | आयोजना/ कार्यक्रमको नाम | वार्षिक | |
|---|---|---|---|---|
| | | | भारित प्रगती प्रतिशत | वित्तिय प्रगती प्रतिशत |
| १ | ३१२०००११ | कर्णाली प्रदेश वित्तिय समानिकरण कार्यक्रम प्रदेश सरकार | ८२.४६ | ६९ |
| २ | ३१२००१२० | संघ सशर्त अनुदान कार्यक्रम PMAMP कार्यक्रम | १०० | ६४.५२ |
| ३ | ३१२००१२० | संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिसन कार्यक्रम) | १०० | १०० |
| | | वार्षिक एकमुष्ठ विवरण | ८६.०७ | ६९.१३ |

१३. तोकिए बमोजिम अन्य विवरण:

चैमासिक अनुसार तोकिएकोले सोहि अवधिमा लक्ष्य अनुसार कार्यक्रम संचालन हुने गरेको

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएसो को विवरण: कुनै नभएको

१५. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण:

यस कार्यालयले कृषि विकास कार्यालय जाजरकोट फेसबुक पेज छ ।

https://facebook.akcjajarkot@gmail.com

यस कार्यालयको वेबसाईट:

WWw.adojajarkot.gov.np

कार्यालयको ईमेल : akcjajarkot@gmail.com

१६.सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:

- केही नभएको ।

१७.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति:

- साना सिचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम
- २२ वटा सिचाँई पोखरी निर्माण, २७ वटा RCC कुलो र पाईप निर्माण भएको
- १०४ हेक्टर सिंचित क्षेत्रफल विस्तार १५८९ घरपरिवार लाभान्वित र १५११५ कार्यदीन रोजगारी श्रीजना

- गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम
- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम भएको जसमा १.९ हेक्टर आर्पको क्षेत्र विस्तार तथा १ वटा सिचाँई पोखरी निर्माण भएको (८-८ मिटर राख्दा ३०० बिरुवा)
- कृषि यान्त्रीकरण कार्यक्रम
- २१ वटा हातेटेक्टर वितरण र १ वटा कृषि औजार प्रयोग तथा मर्मत सम्भार सम्वन्धी तालिम दिएको, जसवाट खनजोत गर्न सहज भएको २१ घरधुरी लाभान्वित भएको।

- प्राङरिक कृषि प्रर्वद्धन रैथाने वाली संरक्षण तथा प्रर्वद्धन
- प्राङरिक सुन्तलाखेती कृपक पाठशालावाट ५० जना लाभान्वित भएको, जसमा गोठेमलमा ट्राईकोडर्मा मेटाराईजियम माईकोराईजा जस्ता मलखाद मिसाएर सुन्तला बगैचामा हाल्ने काँटछाट गर्ने कृषि पर्यावरण विश्लेषण गर्ने जस्ता कुराहरु सिकाईएको हो।
- प्राङरिक तथा जैविक मल प्रदर्शन कार्यक्रम मार्फत २७ जना कृपकको ह्रास हुदै गएका बगैचामा सुधार आएको र उत्पादन बढ्ने।

- कृषि प्रविधि प्रर्वद्धन कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम
- बेरोजगार कृषि प्राविधीक कार्यक्रममा कुशे गा पा ६ मा पक्की प्लाष्टिक टनेल निर्माण तथा सुन्तलाको नर्सरी स्थापना गरिएको र भेरि न पा १ मा मौरीको घार र सामाग्री सहयोग गरिएको जसवाट २ जना स्वरोजगार भएको
- मुख्यमन्त्री उत्कृष्ट पुरस्कारवाट पुरस्कृत कृपकहरुको थप १२ रोपनी तरकारीको क्षेत्र विस्तार भएको
- भेरी न पा १२ र कार्यालय परिसरमा सयपत्री फूलको प्रदर्शन कार्यक्रम संचालन गरिएको

- कृषि व्यवसाय प्रर्वद्धन कार्यक्रम

- विशेष कृषि उत्पादन क्षेत्र आलु: भेरी २ र ६ तथा नलगाड ३ र ६ मा गरि ४२ क्वीन्टल विउ २.८ हे मा लगाईएको र ३० मे टन उत्पादन भएको जसमा तालिम र अन्य कृषि सामग्री पनि बितरणबाट ५८ जना लाभान्वित
- विशेष कृषि उत्पादन क्षेत्र विउ उत्पादन अन्तर्गत भेरी न पा ३ स्यालामा ५०० के जि सावित्री धानको मूल विउ ८ हे जग्गामा खेती गरिएको
- विशेष कृषि किवि: भेरी न पा १ बारेकोट १ र जुनिचाँदे २ मा गरि १५३६ किवीको बिरुवा ३.७ हेक्टर जग्गामा लगाईएको ५० जना लाभान्वित
- विशेष कृषि मौरी: १०० मौरी घार र मौरीजन्य सामाग्री बितरण तथा प्राविधिक तालिम दिईएको २९ जना लाभान्वित १ मे टन उत्पादन बढ्ने।
- विशेष कृषि तरकारी:भेरी नलगाड शिवालय र छेडागाड मा संचालन भएको।
- २ वटा पक्की प्लाष्टिक टनेल तथा ३७ बटा बाँसका टनेल निर्माण गरिएको १२२ जना लाभान्वित उत्पादन लिन बाकी
- विशेष कृषि उत्पादन क्षेत्र सुन्तला: कुशे ५ ६ र ८ मा संचालन गरिएको हो। २२ रोपनी क्षेत्र विस्तार भएको २५ जना लाभान्वित।
- समशितोष्ण फलफूल बगैंचा सुदृढिकरण कार्यक्रम अन्तर्गत ८ वटा किविको बगैंचामा ४२० वटा टि बार निर्माण गरिएको हो जसबाट बगैंचा व्यवस्थापनमा मद्दत पुगेको
- ४ जनालाई जग्गा भाडामा अनुदान दिएको (जम्मा ३० रोपनी) जसवाट हौसला प्राप्त भई थप १० रोपनी जग्गा भाडामा लिई तरकारी खेतीको क्षेत्र विस्तार भएको।
- छेडागाड न पा १३ मा १४०० मुढामा शिताके च्याउ खेती भएको पहिलो वर्ष ३० के जि उत्पादन भएको।
- भेरी न पा ४ मा स्थानीय/मालभोग केरा प्रवर्द्धन कार्यक्रम मार्फत ६०० केराको बिरुवा रोपन गरिएको।
- हावाहुरीले गर्दा मकैमा क्षति गरेको कागजात पुगेको कृषकको वडामै पुगेर ९.९५ लाख राहत रकम १९३ जनालाई बितरण गरिएको हो।

- **प्राङ्गारिक कृषि प्रर्वद्धन कार्यक्रम**
- सुन्तला किवी बगैंचाका लागि आवश्यक समाग्री बितरण.
- भटमासको ५ रोपनी क्षेत्र बिस्तार भएको
- भेरी न पा ५ ईवरमा माटो र बाली उपचार शिविर संचालन भएको जसबाट १२५ जना लाभान्वित भएका र २ जनाको माटो एकदमै अम्लिय आएकोले सिफारिस मात्रामा कृषि चुन प्रयोग गरिएको।

- **आँप बालीको व्यवसायिक ब्लक बिकास कार्यक्रम (भेरी न पा १० ११ १२ र १३)**
- ९०० बिरुवा ५.७ हे मा रोपण गरिएको. उच्च घनत्वको आप बगैंचा स्थापना प्राबधिक पुस्तिका प्रकाशन ६३ घरधुरी लाभान्वित

१८. <u>सार्वजनिक निकायले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि</u>

- नभएको

१९. <u>सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको बिवरण:</u>

- लिखित नपरेको (मौखिक मात्र भएको)

<u>गुनासो तथा उजुरी :</u> सम्पादन गरेका कामप्रति कुनै सरोकारवालाहरुबाट गुनासो तथा उजुरी प्राप्त नभएको ।

२० <u>सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को बिवरण:</u>

जनका लागि आवश्यक ऐन, नियम, विनियम वा निर्देशिका, तथा अन्य सार्वजनिक गर्नुपर्ने सम्पूर्ण सुचनाहरु जिल्ला सामुदायिक रेडियो तथा दैनिक पत्रिका, अनलाईन पत्रिकार कार्यालयको वेबसाइटमा प्रकाशित छन् । साथै कृषि विकास कार्यालय जाजरकोट भन्ने फेसवुक पेज खोली आफ्नो गतिविधि सूचना प्रकाशन गर्ने गरेको छ ।